नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:-
च. नं.:-

प्रेस विज्ञप्ति

## अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) की अध्यक्ष जोउ जियायीबीच भेटवार्ता

अर्थमन्त्री एवं एआईआईबीका लागि नेपालको गभर्नर डा. स्वर्णिम वाग्ले र एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) की अध्यक्ष महामहिम जोउ जियायी (Zou Jiyayi) बीच आज कतारको राजधानी दोहामा भेटवार्ता भएको छ। बैंकको गभर्नर परिषद् (Board of Governors) को ११औं वार्षिक बैठकको पूर्वसन्ध्यामा भएको भेटमा नेपालमा एआईआईबीको लगानी विस्तार, पुनर्निर्माणमा थप लगानी तथा सहुलियतपूर्ण वित्तीय पहुँचका विषयमा छलफल भएको थियो। छलफलमा दुबै तर्फका उच्च पदस्थ अधिकारीहरुको समेत सहभागिता रहेको थियो।

अध्यक्ष जोउले हालसालै भोटेकोशी नदीमा गएको विनासकारी बाढीका कारण नेपालले व्यहोर्नुपरेको मानवीय तथा भौतिक क्षतिप्रति समवेदना प्रकट गर्दै विपदपछिको पुनर्निर्माणमा बैंकले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। बैंकले Project Preparation Special Fund अन्तर्गत परियोजना तयारीका लागि अनुदान सहायता उपलब्ध गराउनुका साथै Special Fund Window अन्तर्गतको अनुदानबाट बैंकबाट उपलब्ध गराइने ऋण सहायतालाई अधिकतम सहुलियतपूर्ण व्याजदर कायम गर्न सकिने विचार व्यक्त गर्नुभयो। बैंकको संस्थापक सदस्य राष्ट्रसमेत रहेको नेपालको आर्थिक विकासमा थप सहकार्य गर्दै अगाडि बढ्ने प्रतिवद्धता जनाउनुभयो।

भेटमा अर्थमन्त्री डा. वाग्लेले अध्यक्ष जोउलाई बधाई दिँदै बैंकको संस्थापक सदस्यका रूपमा नेपालले प्राप्त गरेको सहयोगप्रति आभार व्यक्त गर्नुभयो। छलफलको क्रममा डा. वाग्लेले हाल बैंकको लगानीमा सञ्चालनमा रहेका विद्युत् वितरण प्रणाली सुधार तथा विस्तार आयोजना निर्माण र केही एक्सप्रेस सडकको अध्ययन कार्य शीघ्र सम्पन्न गर्न जोड दिनुभयो र बैंकको समेत लगानी रहेको माथिल्लो त्रिशूली—१ जलविद्युत् आयोजनामा बाढीले पुर्याएको क्षतिप्रति दु:ख व्यक्त गर्नुभयो।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

उहाँले उत्थानशील पुनर्निर्माणमा सहयोग गर्नुका साथै मध्यमकालीन तथा दिर्घकालीन सहायता अन्तर्गत हरित ऊर्जा तथा सीमापार विद्युत् प्रसारण, सडक पूर्वाधार र डिजिटल पूर्वाधार विकासमा बैंकको आफ्नै स्रोत र अन्य दातृ निकायको स्रोत समेत परिचालन गर्नका लागि आग्रह गर्नुभयो।

अर्थमन्त्री डा. वाग्लेले अध्यक्ष जोउलाई सन् २०२६ मै नेपालको भ्रमण गर्न निमन्त्रणा गर्नुभयो।

मितिः २०८३ असोज १२ गते (२८ सेप्टेम्बर २०२६)

किशोर ढकाल
(उप-सचिव/सहायक प्रवक्ता)